# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौ, वैशाख ३१ गते, २०६७ साल (अतिरिक्ताङ्क २


## भाग ३

### नेपाल सरकार

### रक्षा मन्त्रालयको सूचना

**नेपाली सेना,लेखा समूह (गठन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमावली, २०६७**

नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७ को नियम २ मा संशोधन : नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) मा रहेको "उपरथी" भन्ने शब्दको सट्टा "सहायकरथी" भन्ने शब्द राखिएको छ ।




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को खण्ड (ञ) झिकिएको छ ।

४. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को उपनियम (२) मा रहेको "उपरथी" भन्ने शब्दको सट्टा "सहायकरथी" भन्ने शब्द राखिएको छ ।

५. मूल नियमावलीको अनुसूची- १ मा संशोधन : मूल नियमावलीको अनुसूची-१ को खण्ड (१) को उपखण्ड (क) झिकिएको छ ।

आज्ञाले,
नवीनकुमार घिमिरे
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.द.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।